भूमिकास्थान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com

प.स. २०८०/०८१
च.नं.

**प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशित मितिः २०८०/०७/१३)

यस भूमिकास्थान नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रमा रिक्त रहेको प्राविधिक सहायक १ (एक) पद खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले तपशिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको भौचर सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ३/०८०/८१ | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १(एक) जना |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**
- सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको,
- दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्वन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गाह्यता दिइनेछ ।

२. **दरखास्त दिने स्थानः** भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँची

३. **दरखास्त दिने अन्तिम मितिः** २०८०/०७/२८ गते, कार्यालय समय भित्र

४. **आवेदनको दस्तुरः** रु ५०० (पाँच सय मात्र), भूमिकास्थान नगरपालिकाको प्रभु बैंकमा रहेको आन्तरिक राजस्व खाता, खाता नं. २५८७०८६९८६८००१३८ मा रकम जम्मा गरेको सक्कल भौचर संलग्न हुनु पर्नेछ ।

५. **दरखास्त फारम र पाठ्यक्रमः** यस भूमिकास्थान नगरपालिकाको website तथा कार्यपालिकाको कार्यालयमा उपलब्ध हुनेछ ।

६. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा

७. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः
- नागरिकता
- न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- तालिमको प्रमाणपत्र
- अनुभव भए सोको कागजात
- २ प्रति पासपोर्ट साइजको फोटो

८. **सेवा सुविधा तथा अन्यः** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

९. **काम गर्नुपर्ने स्थानः** भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका १० वटै वडाहरु ।

१०. **परीक्षा मितिः** संक्षिप्त सूची (Short listing) को सूचीसंगै प्रकाशित गरिनेछ ।

११. रित पूर्वक प्राप्त नभएका र म्याद नाघी आएकका दरखास्त उपर कुनै कारवाही हुनेछैन । अन्य जानकारीको लागि ९८५७०६९९८१, ९८५७०८६९०० र ९८५७०६३५७६ मा सम्पर्क गर्न सकिने छ ।

१२. सूचनामा उल्लेखित नभएका अन्य विषयहरु प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।

**द्रष्टव्यः** मिति २०८०/०७/२६ गते देखि मिति २०८०/०७/३० सम्म तिहार विदा परेकोले विदा पछि कार्यालय खुल्ने पहिलो दिनसम्म दरखास्त लिइनेछ ।

खिमानन्द आचार्य
प्रमुख प्रशासकीय अधिकृत

खिमानन्द आचार्य
प्रमुख प्रशासकीय अधिकृत